**Voice : A Biannual & Bilingual Journal**
*2024 December, Vol : 16, No. 2, pp.169-178*
DOI : https://doi.org/10.3126/voice.v16i2.72775

# 'खरबुजा' कथामा अन्तर्विधात्मक प्रभाव

प्रदिपप्रसाद ज्ञवाली[1]

**Article Information : Received :** September 6, 2024 **Revised :** November 10, 2024 **Accepted :** December 8, 2024

## सारसङ्क्षेप

खरबुजा प्रयोगशील र बौद्धिक कथाकार कुमार नगरकोटीद्वारा लिखित प्रयोगवादी कथा हो ।। यो कथा कल्पग्रन्थ कथासङग्रहमा सङ्गृहीत छ । यसका लेखक हुन् । उनी मूलतः हुन् । विधागत रूपमा यो कथा विधाअन्तर्गत पर्छ तर यसमा कथाका विशुद्ध संरचक घटकहरूको पूर्ण उपस्थिति, व्यवस्थित संरचना र कथानकको आरम्भदेखि अन्त्यसम्मको शृङ्खला जस्ता विधागत स्वरूपको पूर्ण परिपालना गरिएको देखिन्न । यस कथामा निबन्ध, कविता र नाटकजस्ता आख्यानेतर विधाका विधातत्वको प्रभाव रहेको पाइन्छ । अन्तर्विधात्मक उपस्थितिले गर्दा यस कथाको कथात्मक परिचयलाई विस्थापन गरेर पृथक स्वरूप निर्माण भएको पाइन्छ । यस कथामा विचार र दृष्टिकोण प्रधान भएर आएको देखिन्छ । यसमा भाव, विचार र वा अनुभूतिलाई आख्यानीकरण गरेर प्रस्तुत गरिएको छ । विचार र कथानक दुवैलाई प्रस्तुत गर्न पात्र र परिवेश उपस्थित गराइए तापनि झिनो आख्यान र कथानकको विशृङ्खलताले कथाभन्दा पनि निबन्धात्मक झल्को दिएको पाइन्छ । यसमा निजात्मकता, विश्लेषणात्मक शैलीको प्रयोग, सुसंगठित एवं कसिलो संरचना विचारको प्रबलता आदिका कारणले निबन्धको अन्तर्विधात्मक प्रभाव रहेको कुरा पुष्टि हुन्छ । यसैगरी संरचना, पङ्क्तिविन्यास, मूर्त एवम् अमूर्त कलाको प्रस्तुति, विचारको सघनता, पदक्रम विचलन, बिम्ब संयो जन, अनुप्रास र लयात्मकता जस्ता अभिलक्षणहरूका कारणले यस कथामा कविता विधाको अन्तर्विधात्मक उपस्थिति र प्रभाव छ भन्ने कुरा पुष्टि हुन्छ भने स्वैरकल्पनाको प्रयोग, मञ्चविधान, दृश्यविधान, सम्वाद योजना आदि नाटकीय अभिलक्षणहरू पनि स्पष्ट रूपमा प्रयोग भएको देखिन्छ । त्यसैले यस कथामा अन्तर्विधात्मक प्रभाव रहेको पुष्टि हुन्छ ।

**शब्दकुञ्जी :** अन्तर्विधात्मक प्रभाव, पङ्क्तिविन्यास, प्रयोगशील, बौद्धिक, स्वैरकल्पना ।

[1]उपप्राध्यापक , बुटवल बहुमुखी, क्याम्पस, बुटवल, त्रि.वि.
इमेल : gyawalipradip98@gmail.com

ISSN : 2091-2161
©The Author(s)

Published by Autar Dei Chaudharain Research Centre (ADCRC), Mahendra Multiple Campus, Nepalgunj, Banke

The open access article is distributed under a Creative Common Attribution (CC BY-NC 4.0) licence.

**विषयपरिचय**

खरबुजा प्रयोगवादी कथा हो । यसका लेखक कुमार नगरकोटी (२०३४) हुन् । उनका मोक्षान्त : काठमाण्डू फिवर (२०६७), फोसिल (२०७०) र कल्पग्रन्थ (२०७७) गरी तीन ओटा कथासङ्ग्रहरू प्रकाशित छन्। उनी मूलतः प्रयोगशील र बौद्धिक कथाकार हुन् । उनी पूर्वीय पाश्चात्य दर्शन, चिन्तन, मिथक आदिको प्रयोग गरी युग जीवन र विश्वसन्दर्भका मूर्त अमूर्त विभिन्न पक्षलाई विषय बनाएर कथा लेख्ने कथाकार हुन् । चेतनप्रवाह शैली, स्वैरकलपना तथा विचलनयुक्त जटिल भाषाको प्रयोग उनको कथा लेखनका विशेषताहरू हुन् । यो कथा कल्पग्रन्थ कथासङ्ग्रहमा सङ्गृहीत छ। यस कथाको विभिन्न कोणबाट अध्ययन र विश्लेषण गर्न सकिन्छ। हालसम्म यस कथामा अन्तर्विधात्मक प्रभावमा केन्द्रित रहेर कुनै पनि अध्ययन अनुसन्धान गरिएको देखिन्न। त्यसैले यस अध्ययनमा विश्लेष्य कथामा अन्य कुनकुन विधाको प्रभाव कसरी परेको छ भन्ने प्रश्नमा केन्द्रित रही त्यसको अन्तर्विधात्मक प्रभावको निरुपण गर्ने मुख्य उद्देश्य राखिएको छ । यस कथामा कविता, नाटक र निबन्ध विधाको अन्तर्विधात्मक प्रभाव परे को देखिन्छ। अत : प्रस्तुत अध्ययनमा पाश्चात्य साहित्य सिद्धान्तहरूमध्ये उत्तरआधसनिकतावादसँगै जोडिएर आउने विनिर्माणवादको विनिर्माण प्रक्रियाअन्तर्गत पर्ने अन्तर्विधात्मक प्रभाव र कविता, नाटक र निबन्ध विधाका विधागत सिद्धान्तलाई समेत मूलभूत आधार बनाएर यस कथाको विश्लेषण गरी उपयुक्त निष्कर्ष निकालिएको छ ।

**अध्ययनविधि**

कथा विधाको अध्ययनका निमित्त विभिन्न प्रकारका पद्धति र विधिहरूको विकास भएको पाइन्छ । प्रस्तुत अध्ययनको निर्धारित उद्देश्य पूरा गर्नका निम्ति पुस्तकालयीय कार्यबाट आवश्यक प्राथमिक तथा द्वितीयक स्रोतका सामग्रीहरू सङ्कलन गरिएको छ भने सङ्कलित सामग्रीहरूको विश्लेषण गरी निष्कर्ष निकाल्ने क्रममा व्याख्यात्मक एवम् वर्णनात्मक पद्धति अवलम्बन गरिएको छ साथै उपर्युक्त सामग्रीहरूको समुचित प्रयोग गरी खरबुजा कथामा अन्तर्विधात्मक प्रभावलाई उद्घाटन गर्न विश्लेषणको एउटा सैद्धान्तिक ढाँचा तयार पारी निगमन विधिबाट सामग्रीको अर्थापन गरिएको छ ।

**सैद्धान्तिक ढाँचा**

कुनै पनि एउटा साहित्यिक विधामा अन्य विधाको उपस्थिति हुनुलाई अन्तर्विधात्मक प्रभाव भनिन्छ । यो पाठ विनिर्माणका विभिन्न प्रक्रियामध्ये एक हो । अन्तर्विधात्मक उपस्थिति वा प्रभावको सम्बन्ध विनिर्माणवादसँग र पाठविनिर्माणवाद उत्तरआधुनिकतावादसँग जोडिएको हुनाले साहित्यमा अन्तर्विधात्मक प्रभावको चर्चा गर्दा उत्तर आधुनिकतावादसम्म गुग्नु पर्ने देखिन्छ ।

उत्तरआधुनिकतावाद अङ्ग्रेजी शब्द post modernism को नेपाली रुपान्तर हो । यस शब्दको सर्वप्रथम प्रयोग गर्ने व्यक्ति फ्रेडरिको डि. ओनिस हुन् । सबैभन्दा पहिला यो शब्द वास्तुकलाका क्षेत्रमा प्रयोग भएको र पछि यसले व्यापकता प्राप्त गरी सङ्गीत, नृत्य कला, साहित्य आदि क्षेत्रमा पनि स्पष्ट रूपमा देखिन थाल्यो । केन्द्र भङ्गको स्थितिबाट स्थापित भएको यस सिद्धान्तले विनिर्माणवाद र उत्तरसंरचनावादी सिद्धान्त तथा समालोचनादेखि

लिएर ज्याक डेरिडा र रोर्टीका दर्शनसम्म सबैलाई समेटेको देखिन्छ (गौतम, २०६६ पृ.१७)। यसअन्तर्गत विनिर्माणवाद, विपठन, अन्तर्विषयकता, आदि धेरै सिद्धान्तहरू पर्दछन् ।

विनिर्माणवाद अङ्ग्रेजी शब्द म्भअयलकतचगअतष्यलष्क को नेपाली रूपान्तर हो । यसका प्रणेता फ्रान्सेली चिन्तक ज्याक डेरिडा हुन् । यो पाठ अध्ययनको एक पद्धति हो । उनका लेखहरूमा दर्शन साहित्य र इतिहासका जटिल सम्बन्धहरूका विषयमा छलफल गरिएका हुन्छन् (सुवेदी,२०७४ पृ.२४) । नेपालीमा विनिर्माणवादलाई विसङ्घटनवाद, विसंरचनावाद, विरचनावाद आदि नामले पनि चिनिए तापनि विनिर्माणवाद शब्द नै बढी प्रचलित छ । डेरिडाको चिन्तन विनिर्माणले उत्तरआधुनिकतावादलाई नै दार्शनिक आधार दिएकाले विनिर्माणवाद र उत्तरआधुनिकतावादलाई पर्यायको रूपमा लिने गरिएको छ। एक प्रकारले उत्तरआधुनिक साहित्य सिद्धान्त वा व्याख्यालाई डेरिडाकै विनिर्माणका रूपमा लिइन्छ (पाण्डेय, २०६५ पृ. ३४) । हुन त विनिर्माणभन्दा उत्तरआधुनिकतावाद व्यापक छ र यो एउटा छाता सिद्धान्त हो तर उत्तरआधुनिक मान्यतालाई विश्लेषणको बलियो आधार दिने काम विनिर्माणवादले गरेको हुनाले यी दुईलाई पर्यायको रूपमा लिनुभल्दा पनि परिपूरक सिद्धान्तका रूपमा ग्रहण गर्नु उपयुक्त हुन्छ ।

विनिर्माणका विभिन्न प्रक्रियाहरू छन् । विधामिश्रण, विधाभञ्जन, विधाविघटन, विधान्तरण, आदि सबै विनिर्माणकै प्रक्रियाहरू हुन् । साहित्यको अन्तर्विधात्मक उपस्थिति पनि विनिर्माणकै रूपमा हुन्छ । यिनै प्रपियाहरू अबलम्वन गरेर एउटा संरचनामा रहेको आख्यानलाई अर्को संरचनामा विनिर्मित गरिन्छ । विनिर्माणका लाई विशेष भत्काइसँग अथवा विभग्नतासँग जोडेर हर्ने गरिन्छ तर यसको अर्थ त्यतिमा मात्र सीमित छैन बरु यसले विशिष्ट किसिमको निर्माण भन्ने अर्थ पनि ध्वनित गर्दछ । यसका विधाभञ्जन, विधान्तरण, विधामिश्रण आदि प्रक्रियाबाट साहित्यका पाठहरूको विशिष्ट निर्माण, वैपरीत्य निर्माण र पुनः निर्माणसमेत भई तिनीहरू पूर्वावस्थाबाट अन्य स्वरूपमा परिवर्तित हुन्छन् र पूर्वपाठको स्वत्व, उपकरण, अभिलक्षण तथा मान्यता आदिको उपस्थिति त्यहाँ रहदैन । यसरी विधान्तरणको प्रभावले तिनको परम्परागत निजत्व समाप्त भई नयाँ स्वरूप निर्माण हुन पुग्छ। एउटा निश्चित संरचनामा रहेका पाठहरू अन्तर्विधात्मक भए पछि तिनको पृथक स्वरूप रहन जान्छ (गौतम, २०७९ पृ.१४९) । साहित्यिक पाठ विनिर्मित भए पछि पनि त्यसको अस्थित्व समाप्त हुँदैन बरु पृथक स्वरूपमा रहिरहन्छ ।

अन्तर्विधात्मक प्रभाव पनि विभञ्जनकै एउटा प्रकिया हो । आख्यानका पाठमा अन्तर्विधात्मक उपस्थिति हुँदा तिनले आफ्नो पहिलेको परिचयलाई आंशिक वा पूर्ण रूपमा विस्थापन तथा ग्रहण गरेर पृथक परिचयका रूपमा आफ्नो उपस्थिति जनाउँछन् । यसो गर्दा आख्यानहरू शुद्ध आख्यानको रूपमा रहन सक्दैनन् । अतः यस अध्ययनमा विनिर्माणको एउटा प्रक्रिया अन्तर्विधात्मक उपस्थिति वा प्रभाव सम्बन्धी यिनै मान्यता तथा खरबुजा कथामा उपस्थित अन्य विधाका विधागत संरचना र सिद्धान्तका आधारमा उक्त कथाको अध्ययन विश्लेषण गरी निष्कर्ष निकालिएको छ ।

**'खरबुजा' कथामा अन्तर्विधात्मक उपस्थिति**

## पृष्ठभूमि

खरबुजा कुमार नगरकोटीद्वारा लिखित कथा हो । विधागत रूपमा कथा विधाअन्तर्गत पर्ने भए तापनि यसमा कथाका संरचक घटकहरूको पूर्ण उपस्थिति, व्यवस्थित संरचना र कथानकको आरम्भदेखि अन्त्यसम्मको शृङ्खला जस्ता विधागत स्वरूपको पूर्ण परिपालना गरिएको देखिन्न । यस कथामा कविता, नाटक र निबन्धजस्ता आख्याने तर विधाका विधातत्वको प्रभाव रहेको पाइन्छ । अन्तर्विधात्मक उपस्थितिले गर्दा यस कथाको कथात्मक परिचयलाई विस्थापन गरेर पृथक स्वरूप निर्माण भएको पाइन्छ ।

## निबन्धात्मक उपस्थिति

खरबुजा कथामा कविता, नाटक जस्तै निबन्ध विधाको अन्तर्विधात्मक उपस्थिति रहेको पाइन्छ तर अन्य विधाको तुलनामा निबन्धको प्रभाव चाहिँ सूक्ष्म रहेको देखिन्छ । सामान्यतया कथामा कथानकबाट थालेर पात्र, चरित्र चित्रण, देश, काल, परिस्थिति हुँदै भाषाशैलीमा पुगेर टुङ्ग्याउने परम्परा रहेको छ तर यसमा उक्त परम्परालाई पूर्णतः परिपालना गरेको पाइन्न । कुनै कथामा कथानक र कथा प्रधान रूपमा आएका हुन्छन् भने कुनैमा विचार तत्वको प्रबलता हुन सक्छ (नेपाल, सन् २०११ पृ.३०) । यस कथामा चाहिँ विचार तत्वको प्रधानता रहेको छ । यसका धेरै ठाउँ र प्रसङ्गहरूमा निजात्मक ढङ्गले विचार र चिन्तन प्रस्तुत गरेको पाइन्छ । यस कुरालाई कथाका निम्न लिखित प्रसङ्गहरूले प्रस्ट्याउँछन् :

साक्ष्य : १

तिमी जोसित सम्भोग गर्न जाँदै छ्यौ, उसको वीर्य

कमसल खालको छ । निजको शुक्रकिटमा तिमीलाई

प्रेग्नन्ट बनाउन सक्ने क्षमता, गुण र योग्यता छैन । अधिकांश

पुरुषहरूको शुक्राणुझैँ शहरको चरम वायु प्रदुषण तथा

दुषित खानपिनका कारण निजको गर्भबीज पनि डिकम्पोज्ड

भइसकेको छ । कुहिएको सडेगलेको वीर्य तिमीलाई के काम ? (पृ.४२२–४२३)

साक्ष्य : २

"मलाई के लाग्छ भने" एक जना तालुचिन्डे मान्छेले धोद्रो

स्वरमा भन्यो, "यो पाठेघरभित्र मानव सभ्यताको लाश छ ।" (पृ.४२९)

साक्ष्य १ मा प्रस्तुत कथांशमा स्पष्टसँग नैबन्धिक विचार व्यक्त गरिएको छ । यसमा मानसिक रूपमा

तयार भएर शहरको कुनै अपार्टमेन्टमा पर्खिबसेको वीर्य मानुससँग गर्भधारण गर्न जान लागेकी अभिनेत्रीलाई नेपथ्यबाट सम्झाउँदै निजको शुक्रकिटमा उसलाई प्रेग्नन्ट बनाउन सक्ने क्षमता, गुण र योग्यता नभएको तथा दुषित खानपिनका कारण निजको गर्भबीज पनि डिकम्पोज्ड भइसकेको हुनाले कुहिएको सडेगलेको वीर्य काम लाग्दैन भन्ने सशक्त विचार अभिव्यक्त भएको छ। साक्ष्य २ मा कन्सेप्च्युअल आर्टिस्टले मान्छेहरूलाई पालैपालो प्रेग्नन्ट लासभित्र के छ भनी सोध्दा एक जना तालुचिन्डे मान्छेले धाद्रो स्वरमा यो पाठेघरभित्र मानव सभ्यताको लाश छ भनी आजको युगमा मानव सभ्यताको हत्या भइरहेको महत्वपूर्ण विचार प्रस्तुत गरेको छ।

यस कथामा विचार र दृष्टिकोण प्रधान भएर आएको देखिन्छ। यसमा भाव, विचार वा अनुभूतिलाई आख्यानीकरण गरेर प्रस्तुत गरेको पाइन्छ। विचार र कथानक दुवैलाई प्रस्तुत गर्न पात्र र परिवेश उपस्थित गराइए तापनि झिनो आख्यान र कथानकको विशृङ्खलताले कथाभन्दा पनि निबन्धात्मक झल्को दिएको पाइन्छ साथै यसमा विचारलाई उपस्थापन गर्न पात्रका माध्यमबाट साधारणीकरण गर्ने प्रविधि अबलम्वन गरेको देखिन्छ। यसरी यस कथामा निनात्मकता, विश्लेषणात्मक शैलीको प्रयोग, सुसंगठित एवं कसिलो संरचना विचारको प्रबलता आदिका कारणले निबन्धको अन्तर्विधात्मक प्रभाव रहेको कुरा पुष्टि हुन्छ।

### कवितात्मक उपस्थिति

खरबुजा कथामा, निबन्ध, नाटक जस्तै कविता विधाको अन्तर्विधात्मक उपस्थिति रहेको पाइन्छ किनभने यसमा पङ्क्तिविन्यास योजना कविता विधामा जस्तै देखिन्छ। सामान्यतया कथा गद्यमा पूर्ण वाक्यको प्रयोग गरेर लेखिने विधा हो। आख्यानको लामो इतिहासमा केही पद्याख्यानको रचना भएको देखिए पनि अचेल यो गद्यमा लेखिने विधाका रूपमा चर्चित छ (बराल, २०६९ पृ.३१)। यो कथा पनि गद्यमा लेखिएको छ तर यसको पङ्क्तिविन्यास योजना भने कविताको जस्तो वाक्यलाई अनेक पङ्क्तिमा भाँचेर लेखिएको देखिन्छ। यसमा पदक्रमको विचलन र अन्य विचलन पनि पाइन्छ। त्यसका केही उदाहरण निम्न लिखित छन् :

साक्ष्य : १

कमसल खालको छ। निजको शुक्रकिटमा तिमीलाई
प्रेग्नन्ट बनाउन सक्ने क्षमता, गुण र योग्यता छैन। अधिकांश
पुरुषहरूको शुक्राणुझैँ शहरको चरम वायु प्रदुषण तथा
दुषित खानपिनका कारण निजको गर्भबीज पनि डिकम्पोज्ड। (पृ.४२२)

साक्ष्य : २

पारी राखिएको थियो। गर्भवती स्त्री निस्प्राण थिई। लास ताजा नै
देखिन्थ्यो, भर्खरै प्रसूति–गृहबाट ल्याइएको जस्तो। अभिनेत्रीलाई। (पृ.४२५)

साक्ष्य १ को कथांशमा सामान्य वाक्यलाई भाँचेर कविता विधामा जस्तै दुई पङ्क्तिको एउटा श्लोक निर्माण गरिएको देखिन्छ। यस्तो पङ्क्तिविन्यास योजना उधृत कथांशमा मात्र नभएर सम्पूर्ण कथामा निर्वाह गरेको पाइन्छ। यस किसिमको श्लोक योजनाले कथा नभएर कविताको झल्को दिन्छ । त्यसैगरी साक्ष्य २ मा प्रस्तुत गरिएको कथांशमा "लास ताजा नै देखिन्थ्यो, भर्खरै प्रसूति–गृहबाट ल्याइएको जस्तो " भन्ने वाक्यमा सामान्य पदक्रम भङ्ग गरिएको देखिन्छ। यति मात्र नभएर श्लोकको प्रारम्भमा माथिल्लो वाक्यको खण्डित प्रसङ्गबाट सुरु गर्ने अनि पङ्क्तिको अन्तिममा राख्नु पर्ने पूर्णविराम चिन्ह पङ्क्तिको बिचमा प्रयोग गर्ने जस्ता विभिन्न प्रकारका विचलनहरूले यस कथालाई कविताको रूप दिएको पाइन्छ।

विचारको सघनता र मूर्त एवम् अमूर्त कलाको प्रभावले पनि यस कथालाई कवितात्मक रूप दिएको देखिन्छ। यस कुरालाई कथाका निम्न लिखित प्रसङ्गले पुष्टि गर्छ :

साक्ष्य : ३

आवाजले उसका कानमा साउती मा¥यो : मनुष्य समयको

अवैध सन्तान हो। ग्यालरीमा कन्सेप्चुअल आर्टिस्टको आगमन (पृ.४२६)

साक्ष्य : ४

लाग्छ : कलाकार नग्न,मग्न एवम् भग्न हुनुपर्छ। तसर्थ

उसको कला प्रदर्शनीमा प्रस्तुति दिने हरेक मोडेल नग्न, मग्न

एवम् भग्न हुने गर्थे। उसले आँखा खोल्यो, हलमा उपस्थित

दर्शकहरूलाई पालैपालो ध्यानपूर्वक हे¥यो र मुस्कुरायो। (पृ.४२७)

यसरी साक्ष्य ३ र ४ मा मनुष्य समयको अवैध सन्तान हो र कलाकार नग्न, मग्न एवम् भग्न हुनुपर्छ भन्ने सघन विचारको प्रस्तुति भएको पाइन्छ। साथै यी साक्ष्यहरूमा मात्र नभएर सम्पूर्ण कथामा अमूर्त कलाको सशक्त प्रस्तुति देखिन्छ। यसमा भन्न खोजिएका कुराहरू अमूर्त छन्। यस आधारमा यस कथामा कविताको अन्तर्विधात्मक प्रभाव रहेको छ भन्ने कुरा प्रस्ट हुन्छ।

यस कथामा बिम्ब संयोजन पनि निकै प्रभावकारी ढङ्गले गरेको देखिन्छ। यसमा व्यक्त गर्न खोजिएका सन्देशहरूलाई बिम्बात्मक रूपमा प्रस्तुत गरिएको देखिन्छ। त्यस्तै यसमा कवितामा जस्तै लयात्मकता पनि रहेको पाइन्छ। उदाहरणको रूपमा तलको कथांसलाई हेर्न सकिन्छ।

साक्ष्य : ५

गुन्जियो : खरबुजाको असली रहस्य बियाँमा हुन्छ। युवतीले

भनेको कुरा सही हो तर त्यो रहस्य के हो तपाईंलाई थाहा

छैन। बिर्सेर पनि बियाँ चाहि ननिल्नू। बियाँ छानेर खरबुजाको

गुदीमात्र खानू। (पृ.४४१)

साक्ष्य : ६

तपाईंको जीवन पनि त त्यही बिरानो सहर जस्तो थियो

जहाँ फूलहरू थिएनन् र थिएनन् पुतली अनि चराचुरुङ्गीहरू । (पृ.४४४–४४५)

साक्ष्य ५ मा खरबुजाको बियाँलाई बिम्बात्मक रूपमा प्रस्तुत गरिएको देखिन्छ । यहाँ खरबुजा स्वयम् यौनको प्रतीक भएर आएको छ । यसमा खरबुजाको बियाँ गर्भबीज भएको शुक्रकिटको बिम्बको रूपमा आएको देखिन्छ । साक्ष्य ६ मा वाक्यको सामान्य पदक्रम भङ्ग गरी आलङ्कारिक भाषा शैलीका माध्यमबाट लयात्मकता सृजना गरिएको पाइन्छ ।

यसरी संरचना, पङ्क्तिविन्यास, मूर्त एवम् अमूर्त कलाको प्रस्तुति, विचारको सघनता, पदक्रम विचलन, अनुप्रास, बिम्ब संयोजन, लयात्मकता जस्ता अभिलक्षणहरूका कारणले यस कथामा कविता विधाको अन्तर्विधात्मक उपस्थिति र प्रभाव छ भन्ने कुरा पुष्टि हुन्छ ।

**नाट्यात्मक उपस्थिति**

खरबुजा कथामा, निबन्ध, कविता जस्तै नाटक विधाको अन्तर्विधात्मक उपस्थिति रहेको पाइन्छ । सामान्यतया कथा विधामा नाटकीयता हुँदैन तर यस कथाका विभिन्न प्रसङ्गहरूमा नाट्य विधाका अभिलक्षणहरू आएका पाइन्छन् । नाटक प्रस्तुतिका लागि रङ्गमञ्च अपरिहार्य हुन्छ । नाटकको पूर्णता यसको मञ्च नभएसम्म हुँदैन भने रङ्गमञ्च बिनाको नाटकको कल्पना पनि गर्न सकिँदैन (मल्ल, २०६८ पृ.४४१) । यसमा मञ्चविधान, दृश्यविधान, सम्वाद योजना आदि नाटकीय अभिलक्षणहरू स्पष्ट रूपमा प्रयोग भएका देखिन्छन् । यसको पुरै कथावस्तु स्वैर कल्पनामा छ । यसमा कलाको नाट्यरुपान्तरण गरिएको छ । गर्भधारण गर्न गएकी अभिनेत्रीलाई गर्भवती स्त्रीको लास देखाएर कलाको प्रयोगशालामा रुपान्तरण गरिएको छ । त्यसपछि कन्सेप्चुअल आर्टिस्टले उक्त स्त्रीको पेट चिरेर गर्भबाट याँमानको खरबुजा निकालेको प्रसङ्गले स्वैरकल्पनालाई उत्कर्षमा पुर्‍याएको छ । उक्त प्रसङ्गलाई निम्नलिखित रूपमा प्रस्तुत गरिन्छ :

साक्ष्य : १

आफूले अनुमान गरेको वस्तु नदेख्दा केही खिन्न भए । कन्सेप्चुअल आर्टिस्टको

हातमा याँमानको खरबुजा थियो । जसलाई अभिनेत्रीले छक्क परेर हेरी । (पृ.४३०)

साक्ष्य १ मा अभिनेत्री गर्भधारण गर्न हिँडेदेखि प्रारम्भ भएको स्वैरकल्पना गर्भवती स्त्रीको पेटबाट खरबुजा निकाले पछि उत्कर्षमा पुगेको कुरा चित्रण गरिएको छ ।

यस कथामा नाटकको पूर्णता लागि नभई नहुने मञ्चविधानको संयोजन सशक्त ढङ्गले गरिएको पाइन्छ । यसमा कन्सेप्चुअल आर्टिस्टले आर्ट ग्यालरीमा प्रवेश गरी प्रदर्शनी गरको, त्यसपछि भित्ताको अर्को स्क्रिनबाट प्रदर्शनी गरको र अन्तिममा भित्ताका तीन ओटै स्क्रिनलाई पालैपालो बन्द गरी गोदाममा टहल्दै दिमागको स्क्रिनमा चलमलाउन थालेपछि कथानकको अन्त्य हुन्छ । यी प्रसङ्गलाई तल प्रस्तुत गरिन्छ ।

साक्ष्य : २

आवाजले उसका कानमा साउती माऱ्यो : मनुष्य समयको
अवैध सन्तान हो । ग्यालरीमा कन्सेप्चुअल आर्टिस्टको आगमन (पृ.४२६)

साक्ष्य : ३

उसले भन्यो, "आजको प्रदर्शनी यहीँ सकियो । मेरो पर्फर्मेन्स
तपाइँहरूलाई मन परेको भए आफ्ना साथीभाइ तथा आफन्त
कुलकुटुम्बहरूलाई भनिदिनुहोला । लौ त आजलाई बिदादर्शकहरू
आआफ्नो घर लागेपछि म पनि भित्ताको अर्को स्क्रिनतिर लागेँ । (पृ.४५३)

साक्ष्य : ४

मैले ह्विस्कीको दोस्रो चुस्की लिएँ र भित्ताका
तीन ओटै स्क्रिनलाई पालैपालो बन्द गरिदिएँ ।
दिमागको स्क्रिनमा चलमलाउन थालेपछि ह्विस्कीको अन्तिम
चुस्की लिएँ र कुनामा रहेको खरभुजालाई छालाको कालो ब्यागमा
राखिवरी म त्यो भुत्यौली गोदामबाट सदाका निम्ति बाहिरिएँ । (पृ.४५९)

साक्ष्य २ मा कन्सेप्चुअल आर्टिस्ट ग्यालरीमा प्रवेश गरी प्रदर्शनी सुरु गरको ३ मा प्रदर्शन सकेर दर्शकहरूको प्रतिक्रिया लिई ऊ प्रदर्शनका लागि अर्को स्क्रिनतिर लागेको र ४ मा भित्ताका तीन ओटै स्क्रिनलाई पालैपालो बन्द गरिदिएर दिमागको स्क्रिनमा चलमलाउन थालेपछि भुत्यौली गोदामबाट सदाका निम्ति बाहिरिएको प्रसङ्गसँगै यसको कथानक अन्त्य भएको छ। यसरी यस कथाको आरम्भदेखि अन्त्यसम्म ग्यालरीमा कन्सेप्चुअल आर्टिस्टले प्रदर्शनी गरेको प्रसङ्गले यस कथालाई सशक्त रूपमा नाटकीय स्वरूप प्रदान गरेको स्पष्ट हुन्छ ।

यो कथा दृश्ययोजनाका दृष्टिले पनि सशक्त रहेको देखिन्छ। दृश्ययोजना पनि नाटकको महत्वपूर्ण अभिलक्षण हो । यस कथामा दृश्यान्तर अत्याधिक मात्रामा भएको देखिन्छ । यसमा जम्मा जम्मी छ ठाउँमा दृश्य परिवर्तन भएको पाइन्छ । ट्राफिक सिग्नल, क्रिमसन आर्ट ग्यालरी, सिनेमाटोग्राफर डिपार्टमेन्ट स्टोर, बगैँचा, वासरुम, गोदाम आदि दृश्यहरू यसमा आएका छन् । कथामा रहेका ती दृश्य परिवर्तनका प्रसङ्गहरू निम्न लिखित छन् :

दृश्य : १

ट्राफिक सिग्नलमा रातो बत्ती झुल्किएपछि अभिनेत्रीले गाडीको ब्रेक थिची । (पृ.४२२)

दृश्य : २

वेलकम टु क्रिमसन आर्ट ग्यालरी म्याडम । (पृ.४२४)

दृश्य : ३

सिनेमाटोग्राफर डिपार्टमेन्ट स्टोरमा क्याडबरी चकलेट खोजिरहेको थियो । (पृ.४३२)

दृश्य : ४

तपाईँ आफू वरपरको जगत्लाई नियाल्नुभयो तपाईँ बगैचामा हुनुहुन्थ्यो । (पृ.४३९)

दृश्य : ५

आँखा उघार्दा तपाईँले आफूलाई वासरुमको भुइँमा पाउनुभयो । (पृ.४४८)

दृश्य : ६

स्क्रिनमा एउटा कोठा देखिएको थियो । कोठामा पलङ थियो । (पृ.४५४)

यसरी यस कथामा मूलभूत रूपमा छ ओटा दृश्यहरू रहेको देखिन्छ । माथिका कथा प्रसङ्गहरूले दृश्य परिवर्तनलाई सङ्केत गरेका छन् ।

सम्वाद योजनाका दृष्टिले पनि यो कथा सशक्त देखिन्छ । कथा विधामा सम्वाद अनिवार्य हुँदैन तर नाटकमा भने सम्वादलाई अनिवार्य तत्व मानिन्छ । यस कथामा स्वैरकल्पना भएकाले वार्तालापीय सम्वादभन्दा पनि आत्मालापीय सम्वादको प्रयोग भएको पाइन्छ साथै यसमा कार्यव्यापारको अत्याधिक छ तर त्यसलाई सम्पूर्ण आत्मालापीय सम्वाद र विद्युतीय प्रविधिबाट देखाइएको छ । त्यसका दृष्टान्तहरू निम्न लिखित रहेका छन् :

साक्ष्य : १

उसले बूढो मानिसलाई सोध्यो, “तपाईँले भर्खर मलाई शुभकामना दिनुभएको हो ?”

आकस्मिक प्रश्नद्वारा अल्मलिएको बूढाले उल्टै सोध्यो, “केको शुभकामना ?” सिनेमाटोग्राफरले आफैसित बोलेजस्तो गरी भन्यो बेला न कुबेला कोही मसित बोलिरहेको छ । (पृ.४३३–४३४)

साक्ष्य : २

आवाजले भन्यो, : एक्लोपन पीडाको जननी हो । तपाईँलाई भन्न मन लाग्यो,

एक्लोपन यस्तो मुलायम पाठेघर हो, जहाँ मनुष्यका वेदना र संवेदनाहरू गर्भस्त हुन्छन् ।(पृ.४४८)

माथिका साक्ष्य एक र दुईमा दुई पक्षका बिचमा वार्तालाप भएको देखिन्न । यहाँ आफैले आफैसँग सम्वाद गरेको अवस्था छ त्यसैले यसमा वार्तालापीय सम्वाद नभई आत्मालापीय सम्वादको प्रयोग भएको पाइन्छ ।

यसरी यस कथामा स्वैरकल्पनाको प्रयोग, मञ्चविधान, दृश्यविधान, सम्वाद योजना आदि नाटकीय अभिलक्षणहरू स्पष्ट रूपमा प्रयोग भएका देखिन्छन् । यसको पुरै कथावस्तु स्वैर कल्पनामा छ । यसमा कलाको नाट्यरुपान्तरण गरिएको छ। गर्भधारण गर्न गएकी अभिनेत्रीलाई गर्भवती स्त्रीको लास देखाएर कलाको प्रयोगशालामा रुपान्तरण गरिएको छ । कथामा रहेको नाटकीय प्रदर्शनी, छ स्थानमा दृश्य विभाजन, आत्मालापीय सम्वाद जस्ता नाटकका प्रमुख संरचक घटकहरूको उपस्थितिले अन्तर्विधात्मक प्रभाव रहेको पुष्टि हुन्छ ।

## निष्कर्ष

खरबुजा प्रयोगवादी कथा हो ।। यो कल्पग्रन्थ  कथासङग्रहमा सङ्गृहीत छ । यसका लेखक कुमार नगर कोटी हुन् । उनी मूलतः प्रयोगशील र बौद्धिक कथाकार हुन् । उनी पूर्वीय पाश्चात्य दर्शन, चिन्तन, मिथक आदिको प्रयोग गरी युग जीवन र विश्वसन्दर्भका मूर्त अमूर्त विभिन्न पक्षलाई विषय बनाएर कथा लेख्ने कथाकार हुन् । विधागत रूपमा यो कथा विधाअन्तर्गत पर्छ तर यसमा कथाका विशुद्ध संरचक घटकहरूको पूर्ण उपस्थिति, व्यवस्थित संरचना र कथानकको आरम्भदेखि अन्त्यसम्मको शृङ्खला जस्ता विधागत स्वरूपको पूर्ण परिपालना गरिएको देखिन्न । यस कथामा निबन्ध, कविता र नाटकजस्ता आख्यानेतर विधाका विधातत्वको प्रभाव रहेको पाइन्छ । अन्तर्विधात्मक उपस्थितिले गर्दा यस कथाको कथात्मक परिचयलाई विस्थापन गरेर पृथक स्वरूप निर्माण भएको पाइन्छ । यस कथामा विचार र दृष्टिकोण प्रधान भएर आएको देखिन्छ । यसमा भाव, विचार र वा अनुभूतिलाई आख्यानीकरण गरेर प्रस्तुत गरिएको छ । विचार र कथानक दुवैलाई प्रस्तुत गर्न पात्र र परिवेश उपस्थित गराइए तापनि झिनो आख्यान र कथानकको विशृङ्खलताले  कथाभन्दा पनि निबन्धात्मक झल्को दिएको पाइन्छ तर अन्य विधाको तुलनामा निबन्धको विधाको प्रभाव चाहिँ सूक्ष्म रहेको देखिन्छ । यसरी यस कथामा निजात्मकता, विश्लेषणात्मक शैलीको प्रयोग, सुसंगठित एवं कसिलो संरचना विचारको प्रबलता आदिका कारणले निबन्धको अन्तर्विधात्मक प्रभाव रहेको कुरा पुष्टि हुन्छ । यसैगरी संरचना, पङ्क्तिविन्यास, मूर्त एवम् अमूर्त कलाको प्रस्तुति, विचारको सघनता, पदकम विचलन, बिम्ब संयोजन, अनुप्रास र लयात्मकता जस्ता अभिलक्षणहरूका कारणले यस कथामा कविता विधाको अन्तर्विधात्मक उपस्थिति र प्रभाव छ भन्ने कुरा पुष्टि हुन्छ साथै यस कथामा स्वैरकल्पनाको प्रयोग, मञ्चविधान, दृश्यविधान, सम्वाद योजना आदि नाटकीय अभिलक्षणहरू स्पष्ट रूपमा प्रयोग भएको देखिन्छन । यसको पुरै कथावस्तु स्वैर कल्पनामा छ । यसमा कलाको नाट्यरुपान्तरण गरिएको छ । कथामा रहेको नाटकीय प्रदर्शनी, छ स्थानमा दृश्य विभाजन,  आत्मालापीय सम्वाद जस्ता नाटकका प्रमुख संरचक घटकहरूको उपस्थितिले गर्दा अन्तर्विधात्मक प्रभाव रहेको पुष्टि हुन्छ ।

## सन्दर्भ सामग्रीसूची

गौतम, लक्ष्मणप्रसाद (२०७९). विधामिश्रण र विधाविघटन (सम्पा.राजेन्द्र सुवेदी र लक्ष्मणप्रसाद गौतम). रत्न बृहत् नेपाली समालोचना (सिद्धान्त र सिद्धान्तनिष्ठ प्रायोगिक खण्ड). रत्न पुस्तक भण्डार ।

नगरकोटी, कुमार (२०७७), कल्पग्रन्थ (तेस्रो संस्क.). काठमाडौँ  : बुक हिल पब्लिकेसन प्रा.लि. ।

नेपाल, घनश्याम (सन् २०११). आख्यानका कुरा (तेस्रो संस्क.). सिलगढी : एकता बुक हाउस प्रा.लि. । पाण्डेय, तार ाकान्त (२०६५). अर्थभ्रान्तिको उत्तरचेतनाका विरुद्ध. काठमाडौँ : वाङ्मय प्रकाशन तथा अनुसन्धान केन्द्र ।

बराल, कृष्णहरि (२०६९). कथा सिद्धान्त. काठमाडौँ : एकता बुक्स डिस्ट्रिब्युटर्स प्रा.लि. ।

मल्ल, अशेष (२०६८). सडकनाटकको सैद्धान्तिक पक्ष (सम्पा.राजेन्द्र सुवेदी र लक्ष्मणप्रसाद गौतम).रत्न बृहत् नेपाली समालोचना (सैद्धान्तिक खण्ड). काठमाडौं : रत्न पुस्तक भण्डार ।

सुवेदी, अभि (२०७४). ज्याक डेरिडा : निर्माणको विनिर्माण कथा (सम्पा.ज्ञानू पाण्डे). समकालीन पाश्चात्य समालो चना सिद्धान्तका प्रणेताहरू. काठमाडौं : नेपाल प्रज्ञा–प्रतिष्ठान ।